## चर्पी निर्माण तथा सुधार

मच्छेगाउँ क्षेत्रलाई दिसा मुक्त क्षेत्र बनाउन आवश्यकता अनुसार चर्पी निर्माणमा जनचेतना जगाउनुका साथै यस बस्तीका सम्पूर्ण घरहरुमा चर्पी निर्माणमा सहयोग गरिने छ। यसको कार्य थालनी कार्य क्षेत्रमा दुई वटा नमूना चर्पी निर्माणबाट हुनेछ।

## फोहरमैला व्यवस्थापन

मच्छेगाउँका ७०% भन्दा बढी घरहरुमा कम्पोष्ट मल बनाउने गरिएका छन्। यो परम्परागत प्रणालीमा सुधार ल्याउन आवश्यक तालिम तथा क्षमता अभिबृद्धि गर्न सहयोग प्रदान गरिनेछ। समुदाय स्तरमा नै फोहर मैला व्यवस्थापन गर्न आवश्यकता अनुसार समुदायको क्षमता अभिबृद्धि गरिने छ। साथै फोहर मैला व्यवस्थापनका लागि समुदाय स्तरमा नै रणनीति योजना तयार पारी त्यसलाई कार्यान्वयन गर्न सहयोग पुऱ्याइने छ।



## वातावरण तथा सरसफाई शिक्षा

बिभिन्न तालिमहरु मार्फत स्थानीय बासिन्दा तथा बालबालिकाहरुलाई वातावरणीय सरसफाई सम्बन्धी व्यवहारिक ज्ञान प्रदान गर्ने र उनीहरुलाई आयोजना कार्यान्वयनमा समेत सक्रिय सहभागी गराउन प्रोत्साहित एवं सहयोग गरिने छ। स्थानीय बासिन्दाहरु मार्फत नै क्षमता अभिबृद्धि तथा स्वाथ्य शिक्षा सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ।

## वर्षे ढल तथा ईंटा छपाई

मच्छेगाउँ आयोजना क्षेत्रको बस्तीहरुमा भएका बर्षे ढल र अव्यवस्थित बाटोहरुको सरसफाई तथा आवश्यक मर्मत संभार गर्नुका साथै दिगो व्यवस्थापनका लागि समुदायमा आधारित बर्षे ढल र वरपरको वातावरण सुधार गर्ने कार्यहरु अगाडि बढाईनेछ।



## दवाव, प्रभाव र पैरवीका कार्यक्रमहरु

बिविध तालिम तथा कार्यक्रम मार्फत स्थानीय जनसमुदायलाई खानेपानी तथा सरसफाईमा उपभोक्ताहरुको पहुँचको अधिकार सम्बन्धी आवाज उठाउन सशक्तिकरण गरिने छ। जसमा महिला तथा बिपन्न वर्गका समुदायहरु प्रमुख लक्षित समूह हुने छन्।

**एकीकृत शहरी विकास केन्द्र**
गुसिंगाल, सानेपा, ललितपुर
पो.ब.नं ५१३४, काठमाडौं, नेपाल
फोन नं: ५५२८२२६, फ्याक्स: ५०१२५४९
ई.मेल : ciud@mail.com.np
वेबसाईट : www.ciud.org.np

# मच्छेगाउँ

## पानी तथा वातावरणीय सरसफाई कार्यक्रम



WaterAid

## मच्छेगाउँ पानी तथा वातावरणीय सरसफाई कार्यक्रम

बढ्दो शहरीकरणले गर्दा शहरहरुमा पानी र सरसफाई जस्ता पूर्वाधारहरुको बिस्तार तथा व्यवस्थापन एक चुनौतीको रुपमा अगाडी आएको छ। अझ शहरोन्मुख र बिपन्न बस्तीहरुमा विकासका कार्यहरु कार्यान्वयन गर्न ढिलो भइसकेको छ। यस कार्यमा एकीकृत शहरी विकास केन्द्रले वाटर एड नेपालको सहयोगमा स्थानीय जनताहरु संग मिलेर पानी र सरसफाईको कार्यक्रम अगाडि बढाइरहेको छ।



## कार्यक्रम क्षेत्र

काठमाडौं जिल्लाको किर्तिपुर नगरपालिका सँग जोडिएको मच्छेगाउँ गा.वि.स.मा अवस्थित महत्वपूर्ण तिर्थ स्थल मच्छेनारायण स्थानको नामबाट यो गाउँ विकास समितिको नाम राखिएको हो। यो गा.वि.स. समुद्री सतहबाट १३६४ मि. उचाईमा रहेको १.५९४ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ। यस गा.वि.स.को मूल बस्ती मच्छेनारायण टोल र तौखेल हुन् भने अन्य छरिएका बस्तीहरुमा धाक्सी, अधिकारी टोल, सत्यनारायण टोल आदि पर्दछन्। यी बस्तीहरु नै यस कार्यक्रमको कार्यक्षेत्र हो। यस क्षेत्रको हालको जनसंख्या ३३९० र ७१९ घरधुरी रहेको छ।

## कार्यक्रमका उद्देश्यहरु:

- सरसफाई तथा सुरक्षित खानेपानी आपूर्तिमा स्थानीय बासिन्दाको पहुँच र नियन्त्रण अभिवृद्धि गर्ने
- खानेपानी आपूर्ति तथा सरसफाई सम्बन्धी सेवा एवं सुविधाका आर्थिक, सामाजिक, प्राविधिक तथा संस्थागत पक्षहरु बारे उपयुक्त बिकल्प प्रवर्द्धन गर्ने
- पानीको दिगो उपयोग र स्वास्थ्य तथा सरसफाई बारे जनचेतना अभिबृद्धि गर्ने
- स्थानीय निकाय तथा सहयोगी संस्थाहरुको सहयोगमा समुदायले संचालन गर्ने कार्यक्रमको नमुना प्रस्तुत गर्ने

## कार्यान्वयन

यस आयोजना संचालन गर्न २०६५/०१/२८ गते बसेको बैठक बाट '**मच्छेगाउँ वातावरण सुधार समिति**' गठन भएको छ। यस समितिले एकीकृत शहरी विकास केन्द्र, मच्छेगाउँ गा.वि.स. र अन्य सरोकारवालाहरु सँगको सहकार्यमा कार्यक्रम कार्यान्वयन गर्नेछ। यस आयोजनाका लागि आवश्यक रकम



वाटर एड नेपाल, सहयोगी संस्थाहरु र स्थानीय समुदायले व्यहोर्ने छन्। यी कायक्रमहरु संचालन गर्दा शहरी गरीब, पिछडिएका जनजाती, उत्पिडित जाति महिला तथा बालबालिकाहरुलाई प्राथमिकता दिनुका साथै उनीहरुलाई विकासका कार्यमा अग्रसर गराउन पहल गरिनेछ।

## प्रमुख कार्यहरु

### पानीका परम्परागत स्रोतहरुको सुधार

मच्छेगाउँ क्षेत्रको परम्परागत पानीको स्रोत मूलहरु हुन् र हालको पानीका स्रोतहरु मुख्यत: परम्परागत स्रोतहरु, धाराको पानी र नीजि इनार छन्। यी खानेपानीका स्रोतहरुको मर्मत र वरपरका वातावरणको सुधार गरी आयोजना क्षेत्रभित्र खानेपानीको गुणस्तर सुधार गर्ने कार्यक्रमहरु छन्। त्यसैगरी मच्छेनारायण स्थानको मुहान संरक्षण गरी पानी बितरण प्रणाली बनाउने छ। साथै आकाशे पानी संकलन प्रविधिलाई प्रवर्द्धन गर्ने तथा खानेपानीको गुणस्तर सुधार्न स्थानीय स्तरमा पानी व्यवस्थापन तथा शुद्धतामा सुधार ल्याउन तालिम तथा जनचेतना अभिबृद्धि गर्न सहयोग पुऱ्याइनेछ। यसबाट समुदायको स्वास्थ्यमा सुधार हुने अपेक्षा राखिएको छ।

